मधेश प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

जनकपुरधाम, धनुषा।

---

मधेश प्रदेश सरकारले यस प्रदेशमा जन्मेका छोरीहरुको शिक्षा, सुरक्षा र सशक्तिकरणका लागी मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ। यी कार्यक्रमहरु मध्ये छोरी शिक्षा वीमा/ मुद्दती बचत कार्यक्रम यस प्रदेशकै गौरवको कार्यक्रम रहेको छ। यस कार्यक्रम अन्तर्गत २०७८ माघ १ गते देखी जन्मेका सबै बालिकाहरुको शिक्षा विमा दर्ता हुने कार्य सूचारु भएकाले शिक्षा विकास निर्देशनालय, मधेश प्रदेश, जनकपुरधाममा तपशिल बमोजिमका कागजातहरु लिई छोरी विमा कार्य गराउनु हुन सबैको जानकारीको लागि यो सूचना आव्हान गरिएको छ। तोकिएको कागजाता सहित मिति २०७९ असार २४ गते भित्र यस आ.व. का लागि निवेदन दिनु हुन सम्बन्धित सबैलाई यो जानकारी गराइन्छ।

<u>तपशिल</u>

१ मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान कार्यक्रम सञ्चालन कार्यविधि २०७८, यस निर्देशनालयको वेवसाइड www.edd.p2.gov.np मा राखिएको छ।

२. कार्यविधिको अनुसूची -२ बमोजिमको ढाँचाको निवेदन पत्र।

३. कार्यविधिको अनुसूची -३ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र।

४. बालिकाको जन्म दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपि (सक्कल समेत)

५. बुवा वा आमा (निवेदक) को नागरिकताको फोटोकपी २ प्रति

६. छोरी शिक्षा विमा/ मुद्दती बचत खाता कार्यक्रममा सहभागी गराईदिने व्यहोराको सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र।

७. बालिका र निवेदक दुवै जनाको ६/६ प्रति पासपोर्ट साइजको फोटो

८. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकताको हकमा प्रमाणित फोटोकपि २ प्रति, संरक्षण ग्रहण गरेको प्रमाणपत्रको प्रमाणित फोटोकपि १ प्रति

९. वैकल्पिक स्याहार रहेको बालिकाको हकमा संरक्षण गर्ने संस्थाको प्रमुखको नागरिकताको प्रमाणित फोटोकपि २ प्रति, संरक्षण ग्रहण गरेको प्रमाणपत्रको प्रमाणीत फोटोकपि १ प्रति।

१०. अनुसूचि २ र ३ ढाँचा यस निर्देशनालयको वेवसाइड <u>www.edd.p2.gov.np</u> मा डाउनलोड गर्न सक्नु हुनेछ।

११. यस सम्बन्धी सूचना निर्देशनालयको फेसवुक पेज edd Janakpur मा हेर्न सक्नु हुनेछ।

..............................

(चुडामणि फुयाल)

निर्देशक

अनुसूची:- १

(बुँदा नं.३(१) सँग सम्बन्धित)

## अभिभावक वा संरक्षकले पेश गर्नु पर्ने आवश्यक कागजात

मिति २०७८ माघ १ गते पछि जन्मेका छोरीहरुलाई शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा संलग्न गराउन अभिभावक वा संरक्षकले शिक्षा विकास निर्देशनालयले प्रकाशित गरेको सूचनाको म्याद भित्र तपसिल बमोजिमका कागजात सहितको निवेदन शिक्षा विकास निर्देशनालयमा दिनुपर्नेछः-

तपसिलः-

१. अनुसूचीः- २ बमोजिमको ढाँचामा निवेदन पत्र ।

२. अनुसूचीः- ३ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र।

३. छोरीको जन्म दर्ता प्रमण पत्रको प्रतिलिपि।

४. छोरी शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा सहभागी गराइदिने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

५. अभिभावक मध्ये एक वा दुवैको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

६. अभिभावकको पासपोर्ट साईजको फोटो -६ प्रति

७. कार्यक्रममा सहभागी हुने छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति।

८. छोरीको अस्पतालको जन्म प्रमाण पत्रको प्रतिलिपि, जन्म दर्ता प्रमाण पत्र नभएको खण्डमा छोरीको उमेर प्रमाणित हुने अन्य कागजात जस्तैः- खोप लगाएको कार्ड आदी।

९. धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले धर्मपुत्री लिएको कानून बमोजिमको लिखितको प्रतिलिपि।

१०. वैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकता प्रमाण पत्रको प्रतिलिपि, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

११. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि।

तर आमा वा बुवा नभएको अवस्थामा निज छोरीको एकाघरका हजुरबुवा वा हजुरआमाको नागरिता प्रमाणपत्र सहित निवेदन दिनु पर्नेछ ।

CamScanner

अनुसूचीः- २

(अनुसूची-१(१) सँग सम्बन्धित)

श्रीमान निर्देशक ज्यू,

शिक्षा विकास निर्देशनालय, मधेस प्रदेश, जनकपुरधाम धनुषा।

मार्फत

...................................... गा.पा/न.पा./उ.म.न.पा................

.................................जिल्ला

नामः-...........................                                                  नामः-२०७९।    ।

**बिषयः- बचत मुद्दती खाता खोल्न सिफारिस गरी पाऊँ ।**

प्रस्तुत विषयमा मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाउँ अभियान अन्तर्गतको छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागि हुन मिति ........................... मा जन्मेको ........................... नातिनी............................... (आमा) ........................ (बाबु) को ......................... महिनाको छोरी .................................. को अनुसूचि-१ बमोजिमका प्रमाणित कागजात संलग्न राखी छोरीको नाममा बचत मुद्दती खाता खोल्ने शिफारिस गरि दिनु हुन अनुरोध गर्दछु । मैले निवेदनको साथमा पेश गरेका कागजातहरु किर्ते/झुठ्ठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

सहीछाप

दायाँ        बायाँ

<u>निवेदक</u>

नाम :

ठेगाना:

हस्ताक्षर

मिति

CamScanner

अनुसूचीः- ३

प्रतिवद्धता पत्रको ढाँचा

(अनुसूची-१(२) सँग सम्बन्धित)

म ................................... जिल्ला .................................. उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ........................ बस्ने/ नावालक श्री ................................................ को अभिभावक/संरक्षक ....................................... ले मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाउँ अभियान अन्तर्गत छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागी हुन निम्न अनुसारका शर्तहरुको अधिनमा रहि प्रतिबद्धता गर्दछु ।

<u>शर्तहरु</u>

१. म छोरी पढाउने प्रतिवद्धता व्यक्त गर्दछु र कम्तिमा विद्यालय शिक्षा (१२ कक्षा वा सो सरह) पूरा गराउन प्रतिवद्ध छु ।

२. प्रचलित कानूनको अधिनमा रहि छोरीको उमेर २० (वीस) वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।

३. मुद्दती बचत कार्यक्रमका शर्त, नियम तथा निर्देशन, प्रतिबद्धता बाहिर अन्य कुनै सेवा सुविधा दाबी गर्ने छैन ।

४. म छोरा छोरी बीच लैंङ्गिक विभेद रहित समान व्यवहार गर्नेछु।

५. कार्यविधि बमोजिमको अवधि वा अवस्था भएपछि प्राप्त हुने मुद्दती बचत रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरि निजको उज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**<u>प्रतिवद्धता जाहेर गर्नेको विवरण</u>**

नाम थर :................................................ ठेगाना .................................

बालिकासँगको नाता .................................... नागरिता प्र.प.नं.......................

हस्ताक्षर ................. मिति २०७९।     ।     सम्पर्क नं.

**<u>साक्षीहरुको विवरणः</u>**

(१) नाम थर.................................... ठेगाना ......................................

हस्ताक्षर     मिति २०७९।     ।     सम्पर्क नं.......................

(२) नाम थर.................................... ठेगाना ......................................

हस्ताक्षर     मिति २०७९।     ।     सम्पर्क नं.......................

CamScanner